# जोरायल गाउँपालिका

# गाउँ सभाको

# बाह्रौं अधिवेशन बैठकमा

# उपाध्यक्ष श्री जमुना कुमारी बोहरा ज्यू द्वारा प्रस्तुत

# आ.व. २०७९/०८० को

# नीति तथा कार्यक्रम

## जोरायल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रावतकट्टे, डोटी

**यस गरिमामय सभाका अध्यक्ष ज्यू,**
**गाउँसभा सदस्यहरु,**

१. नेपालको संविधान जारी भएपछि दोस्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन सम्पन्न भएको छ । निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतंत्रलाई जगैदेखी बलियो बनाएको छ । यस सुखद पृष्ठभूमिमा गाउँसभाको बाह्रौं अधिबेशन बैठकलाई आज सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ ।

२. स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग, सहयोग पुर्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियामा संलग्न राजनीतिक दल, संघसंस्था र आम नागरिक सबैप्रति स्थानीय सरकार आभार व्यक्त गर्दछ । जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहने स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ ।

३. जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुर्याएर प्रत्येक नागरिकलाई स्वशासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चत गरेको छ । अहिले स्थानीय सरकारहरु सोही अधिकारको प्रयोगलाई उच्चतम विन्दुमा पुर्याउन तल्लीन छन् ।नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु ।साथै, विभिन्न आन्दोलनका क्रममा घाईते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

४. दुई वर्षदेखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि हामीले चालेका कदम समेतको परिणामस्वरुप यसको असर सामान्य हुँदै गएको छ ।कोभिड-१९ संक्रमण, नियन्त्रण र व्यवस्थापनमा अहोरात्र खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, विभिन्न संघसंस्था लगायत सम्पूर्ण नागरिकरुलाई धन्यवाद दिन चाहन्छु ।

**अध्यक्ष महोदय,**

**अब, म आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

५. जोरायलवासीहरुको सुखदुखमा सरकार घरदैलोमा पुगेको छ । विपद् व्यवस्थापन कोष, आर्थिक सहायता र विभिन्न लक्षित कार्यक्रम मार्फत जनताले राहत पाएका छन् । गाउँपालिकाको केन्द्र देखि सबै वडाहरुको केन्द्रसम्म सडक संजाल विस्तार भएको छ ।

६. स्थानीय तहका गाउँ टोल वस्तीहरु सडक संजालले जोडिएर आवागमनमा सहज भएको छ, प्राय अधिकाँश गाउँ टोलवस्तीहरुमा विजुली विस्तारका कार्यहरु भइरहेका छन्, खानेपानीका स साना देखि ठूल्ठूला योजनाहरु सम्पन्न हुदैछन्,।

७. विद्यालयका भवनहरु र विज्ञान प्रयोगशालाहरु निर्माण भइरहेका छन् भने आइसिटी सम्बन्धी सामाग्रीहरु वितरण भइरहेका छन् ।

८. स्वास्थ्य सम्बन्धी सेवा र सुविधाहरु विस्तार गरिएका छन्, स्वास्थ्य चौकीहरुको विस्तारर स्वास्थ्य कर्मिहरुको व्यवस्थापनका साथै सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सहजै र सरल तरिकाले औषधीहरु उपलब्ध भइरहेको छ ।

९. कृषि क्षेत्रमा अनुदान सहितका पकेट क्षेत्रहरु घोषणा गरिएका छन् । पशुपालन व्यवसायलाई प्रोत्साहन गरिएको छ । भैंसी पालन, गाई पालन, कुखुरा पालन, अण्डा उत्पादन र माछा पालन आदि कार्यहरुलाई व्यवसायी तरीकाले विकसित गर्दै लगिएको छ ।

१०. भवन निर्माण गर्नुपूर्व अनिवार्यरुपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाइ कार्यान्वयनमा ल्याइएको छ ।

११. जोरायल गाउँपालिकाको यातायात गुरुयोजना तयार गरिएको छ ।

१२. बालविकास शिक्षक, विद्यालय कर्मचारी र सहायक कर्मचारीहरुको मासिक पारिश्रमिकमा गाउँपालिकाले रु. ७००० थप दिने गरी बजेटको व्यवस्था गरिसकेको छ ।

१३. २०७८।०१।०१ गतेदेखी नै यस गाउँपालिकाका ६ वटै वडाहरुमा पूर्ण रुपमा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणाली लागू गरिएको छ । साथै आ.व. २०७८/०७९ देखी यस गाउँपालिकाका ६ वटै वडाहरुमा बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको बैंक खातामा जम्मा गरी वितरण गर्ने गरिएको छ ।

१४. प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम गर्दै आइरहेको छ । न्यायीक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधि, ऐनहरुको प्रकाशन लगायतका कामहरु सम्पन्न भएका छन । अघिल्लो वर्षमा जिम्मेवारी सरि आएका र यो वर्ष जेठ

मसान्तसम्म न्यायिक समितिमा दर्ता हुन आएका जम्मा २० वटा मुद्धा मध्ये २० वटै फछ्यौंट भएका छन । ५ वटा मुद्धा वडा कार्यालयको मेलमिलाप केन्द्रमा पठाई मेलमिलाप केन्द्रमा पठाई मेलमिलाप गराइएको छ र अरु १५ वटा मुद्धा न्यायिक समितिले नै छलफल गरी मेलमिलाप गराई विवादको समाधान गरिएको छ ।

१५. गाउँपालिकाको केन्द्र नजिक रहेको सरस्वतीनगर प्राथमिक स्वास्थ्य केन्द्रमा MBBS डाक्टरको व्यवस्था गरि थप स्वास्थ्य सुविधाहरुको व्यवस्था गरिएको छ ।

१६. जोरायल गाउँपालिकाको प्रशासनिक भवनमा सिसिटिभी जडान गरी संचालनमा रहेको छ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सडक नाली निर्माण, घोरेटो बाटो निर्माण, सडक मर्मत तथा सुधार, नदि नियन्त्रण तथा बृक्षारोपण, पर्खाल निर्माण लगायतका योजना तथा कार्यक्रम संचालन गर्न करिब ३७६ जनालाई न्युनतम ३० दिन देखि अधिकतम १०० दिन रोजगारी उपलब्ध भएको छ ।

१८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA) अन्तर्गतस्थानीय स्तरमा रहेका अति विपन्न वर्गहरुको आवश्यकता,चाहना र मागलाई मध्यनजर गर्दै सीप विकास तालिम प्रदान गरी व्यवसायमा निरन्तरता र स्तरोन्नती तथा व्यवसायको उत्पादन र आम्दानीमा वृद्धि भई उनिहरुको जीवन स्तरमा सुधार हुने साथै स्वरोजगार तथा आत्मनिर्भरमा ठुलो योगदान पुर्याउन जोरायल गाउँपालिका वडा नं. ३ का २ जना र वडा नं. ४ का ८ जना गरी जम्मा १० जनालाई आधारभूत सिलाईकटाई तालिम, वडा नं. ३ का ६ जनालाई आधारभूत मोवाईल मर्मत तालिम, वडा नं. ३ का ८ जनालाई मौरीपालन व्यवसाय तालिम, वडा नं. ३ का १४ जना र वडा नं. ४ का १७ जना गरी जम्मा ३१ जनालाई बेमौसमी तरकारी खेती तालिम र वडा नं. २ का ३५ जनालाई होम-स्टे संचालन तालिम गरी कुल जम्मा ९० जनालाई सीप विकास तालिम प्रदान गरिएको छ ।

**अध्यक्ष महोदय,**

अव म यस जोरायल गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**स्वास्थ्यः**

१९. आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउँने नागरिकको मौलिक हक सुनिश्चित गरिनेछ ।सरकारद्वारा निःशुल्क वितरण हुँदै आएका ८९ प्रकारका औषधी सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाईनेछ । औषधीको मुल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।

२०. विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) बाट संक्रमितहरुको उपचारका लागि यस गाउँपालिकामा संचालन भएको अस्थायी कोभिड-१९ अस्पतालमा आवश्यक औजार, उपकरण खरिद गरि दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२१. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजि र सामुदायिक संस्थाहरुसँग सहकार्य गरि आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

२२. एम्वुलेन्स, सवारी यातायात अन्य साधन जस्ता सेवालाई चौबिसै घण्टा संचालन हुने गरी व्यवस्था मिलाईनेछ । डिप्रेशन हुन सक्ने विद्यार्थी, एकल, गर्भवती महिला, ज्येष्ठ नागरिक अपांग भएका व्यक्तिहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२४. घुम्ती स्वास्थ्य सेवा, निःशुल्क गर्भवती जाँच सेवा, प्रसुति सेवा, खोप सेवा मार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ ।

२५. जनस्वास्थ्यतर्फ निःशुल्क औषधी, स्वास्थ्य उपकरण तथा औजार खरिद, आयोडिन नुन प्रवर्द्धन कार्यक्रम, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला स्थापना, सुरक्षित गर्भपतन सेवा विस्तार, महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन लगायतका कार्यक्रमहरु संचालनका गरिनेछ ।

२६. जोरायल बासीको स्वास्थ्य अवस्थालाई मध्यजनर गरी योग अभ्यास शिविर, निःशुल्क स्वास्थ्य शिविर, आयुर्वेदिक औषधी खरिद जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् जसबाट जनताहरुलाई उपचार, परामर्श सेवा उपलब्ध गराइनेछ ।

२७. कुपोषणलाई न्यूनिकरण गर्न तथा पोशिलो कुरा खानलाई जनचेतनामूलक कार्यक्रम सहित सुनौला हजार दिनका महिलालाई उपाध्यक्ष कोसेली कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

२८. यस गाउँपालिकामा आँखा अस्पताल स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

**शिक्षाः**

२९. यसै शैक्षिक सत्रदेखी आधारभुत तह कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३०. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि बाँकी रहेका माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३१. आधारभूत तह कक्षा ८ को परीक्षा संचालन कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।

३२. शिक्षाको गुणस्तर अभिवृद्धी लागि प्रधानाध्यापक र शिक्षकको पेसागत क्षमता विकासका लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

३३. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमन निरिक्षण तथा शिक्षकको पेशागत सहयोगका लागी अन्भवि शिक्षकहरु बाट नमुना पाठ प्रदर्शन लगायतका शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गरिने छन ।

३४. सामुदायीक विद्यालयहरुमा अध्ययनरत कक्षा ६-१२ का सबै छात्राहरुलाई स्यानिटरी प्याडको खरिद तथा वितरणको व्यवस्था गरिनेछ ।

३५. यस गाउँपालिका अन्तर्गत आवासिय कक्षा संचालन भएका सामुदायिक आवासिय विद्यालयहरुलाई अनुगमन, निरिक्षण, मूल्याङ्कन गरी थप व्यवस्थित गर्न आवश्यक अनुदान सहयोग गरिनेछ ।

३६. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गरिनेछ ।

३७. सामुदायमा आधारित वालविकास केन्द्रहरु लाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन मिलान गर्ने र गाउँपालिका बाट खोलिएका समुदायमा आधारित वालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरीका आधारमा थपघट गरिनेछ ।

३८. प्रत्येक वडाहरुमा कम्तिमा एक/एक वटा मा.वि. र आधारभूत विद्यालय (कक्षा ६-८) संचालन भएका सामुदायिक विद्यालयलाई स्वीकृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३९. आ.व. २०७८/८९ मा तयार गाँउ कार्यपालिकाबाट स्वीकृत गरिएको जोरायल शिक्षा पार्श्वचित्र, २०७८ र दश वर्षे जोरायल गाँउशिक्षा योजना २०७८-२०८७ लाई आवश्यकता अनुसार अद्यावधिक गरिनेछ ।

४०. आवासीय विद्यालय संचालन भएका विद्यालयलाई आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

## लैङ्गिक समानता तथा समावेशीकरणः

४१. विपन्न महिलालाई सीपमूलक तालिम दिई आयआर्जनका कार्यक्रममा संलग्न गराईनेछ ।महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिनेछ । दुर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाहरुलाई थप प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

४२. महिला विरुद्धका कुरिति, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ ।

४३. विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।

४४. एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय, आफ्नो परिवार र संरक्षण नभएका जेष्ठ नागरिकका लागि आवश्यक औषधोपचार र संरक्षणको व्यवस्था गरिनेछ ।

४५. सामाजिक समावेशी नीति अनुरुप दलित, आदिवासी, जनजाति, पिछडावर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. महिला तथा बालबालिकाउपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ । हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अनुरुप प्रत्येक वडामा लैङ्गिक हिंसा व्यवस्थापन समितिको गठन एवं परिचालन गरिनेछ साथै सबै वडाहरु सम्मलित गाउँपालिकास्तरमा एक लैङ्गिक हिंसा निवारण कोष स्थापना र सञ्चालन गरिनेछ ।

४७. वडा तहमा विभिन्न निकायबाट गठन गरिएका महिला समूह तथा आमा समूहहरुलाई एकीकृत रुपमा महिला सन्जाल गठन गरी महिलाहरुको आर्थिक एवम् सामाजिक सशक्तिकरणाका लागि परिचालन गरिनेछ।

४८. बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ ।

४९. टोल विकास संस्था स्थानीय शासनका साझेदार हुन् । यिनको क्रियाशीलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रुपमा बल पुग्ने हुँदा टोलस्तरमा हुने सबै स्थानीय शासकीय गतिविधिमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चित गरिनेछ ।

५०. जसको सवाल उसैको नेतृत्व भन्ने मान्यताअनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरुको अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

## उर्जा, विद्युत तथा संचार

५१. जोरायल गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सबै घर, सबै टोल र गाउँगाउँमा बिजुली वत्ती पुर्याई उज्यालो गाउँपालिका बजाउने नीति लिईनेछ ।

५२. संचारको सुविधा नपुगेका स्थानहरुमा संचार सुविधा पुर्याउन आवश्यक पहल गरिनेछ ।

५३. माटोको सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

५४. गाउँपालिका भित्र विपद जोखिमजन्य स्थानहरुको पहिचान गरी जोखिमयुक्त स्थानहरुमा जोखिम न्यूनीकरणका लागि तटबन्धन र वृक्षारोपणको नीति अवलम्बन गरिनेछ । संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा विपद जोखिम न्यूनिकरण कार्यक्रम सञ्चालन गरिने छन् ।

५५. विपद्, पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिनेछन् । सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

५६. बाढी पिडीतबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराईनेछ ।

५७. डढेलो नियन्त्रणमा अग्नी रेखाको व्यवस्थापन गरिनेछ ।

५८. छाडा पशु चौपायाहरुको व्यवस्थापन गर्नका लागि गौशाला निर्माण गर्ने नीति लिईनेछ ।

५९. सामुदायिक वन क्षेत्र भित्रको भुभागलाई सम्भाव्यता अध्ययन गरी जडीबुटी खेतीको नीति लिईनेछ ।

६०. जोरायल गाउँपालिका र युनिसेफ नेपालको साझेदारीमा यस पालिकामा विगत २०७४ देखी २०७८ सालसम्म विभिन्न कार्यक्रम अन्तर्गत बालकेन्द्रित विपद जोखिम न्यूनिकरण कार्यक्रम, बृहत विद्यालय सुरक्षा कार्यक्रम त्यसैगरी बालमैत्री स्थानीय शासन जस्ता कार्यक्रमहरु संचालनमा रहेकोमा अबको आर्थिक वर्षमा पनि युनिसेफ नेपालसंग हुने साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## पूर्वाधार विकास

६१. गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ । योजना सार्ने प्रवृत्तिमा पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

६२. रोजगारी सिर्जन हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ ।

६३. लागत अनुमान स्वीकृति पश्चात सम्झौता गर्ने र जनसहभागिता बराबरको रकम भन्दा बढी कार्य प्रगति भएपश्चात् मूल्यांकनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

६४. निर्माण कार्यको गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

६५. सडक मर्मत सम्भार योजना तयार गरी मर्मत कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

६६. गाउँपालिकाभित्रैको स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६७. भौतिक संरचना निर्माण गर्दा वातावरणमैत्री बनाउने नीति लिइनेछ ।

## युवा तथा रोजगारीः

६८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सशक्त रुपमा कार्यान्वयन गर्न सङ्घीय सरकारसँगको आवश्यक समन्वयमा कामका लागि पारिश्रमिक अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमलाई प्रत्यक्ष विकाससँग जोडेर जनताको सीप क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ ।

७०. गाउँपालिका स्तरीय विकास निर्माणका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई परिचालन गरी रोजगारी प्रदान गरिनेछ ।

७१. गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत गाउँपालिकाभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरी बेरोजगार व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिनेछ।

७२. गरिव तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गको पहिचान गरी जिविकोपार्जनमा सघाउ पुग्ने सीपमूलक तालिमहरु संचालन गरिनेछ ।

७३. विदेशमा गएका युवाहरुको तथ्याङ्क संकलन गरिनेछ ।

७४. जोरायल गाउँपालिकामा रहेका सुकुम्बासीहरुलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

## पर्यटन प्रवर्द्धन

७५. गाउँपालिकामा पहिचान भएका पर्यटकीय क्षेत्रहरुको विकास गरिनेछ ।

७६. पर्यटन क्षेत्र पहिचान हुन बाँकी रहेका क्षेत्रको समेत पहिचान गरी पर्यटन प्रवर्द्धन, सरक्षण र सम्वर्द्धन गरिनेछ ।

७७. पर्यटनको पूर्वाधार विकासमा स्थानीय संघ-संस्था, समुदाय तथा निजी क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

७८. धार्मिक पर्यटन क्षेत्रको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

७९. सेवाग्राहीले योजना सम्पन्न गरेको चेक बुझ्न जाँदा निकै सास्ती खेप्नुपर्ने अवस्थालाई कम गर्न विद्युतीय भुक्तानी कारोबार (EFT)प्रणाली यस आ.व. को अन्त्यमा परिक्षणको रुपमा प्रयोगमा ल्याइएको छ । आगामी आर्थिक वर्ष २०७९/०८० देखी यो सेवा पूर्ण रुपमा संचालन हुनेछ ।

८०. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता नीति अवलम्वन गरिनेछ । कार्यालयले आफु र आफ्नो मातहतका कार्यालय मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता गुनासो व्यवस्थापन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति, पारदर्शी, जवाफदेही, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने कार्यहरु गरिनेछन् ।

८१. योजनाको गुणस्तरमा सुधार ल्याउनका लागि नतिजामूलक तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र अभ्यास गरिनेछ साथैकुनै पनि योजनाहरुको संचालन गर्नु पुर्व, संचालन भइरहेको समयमा र सम्पन्न भइसकेपछि कम्तिमा तीन चरणमा अनिवार्य रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

८२. आयोजनाहरुको दीगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।

८३. योजनाहरुको प्राविधिक लागत इष्टिमेट स्थानीय उपभोक्ताहरुले बुझ्ने गरी नेपाली भाषामा तयार गर्ने गरी कार्यान्वयनमा ल्याइनेछ ।

८४. अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न जनशक्तिको सीप तथा क्षमता अभिवृद्धि गर्न सीप तथा क्षमता अभिवृद्धिका तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछन ।

८५. सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखा राख्ने पद्धतिलाई जोड दिइनेछ ।

८६. गाउँपालिकाबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

८७. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ।

८८. जोरायल गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरी सम्मान गरिनेछ ।

८९. गाउँपालिका तथा वडाहरु संचालन र व्यवस्थापनको लागि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिमहरु संचालन गरिनेछन् । साथै संघीय सरकारको समन्वयमा संगठनात्मक संरचना अनुसार आवश्यक थप जनशक्ति व्यवस्थापनका लागि पहल गरिनेछ ।

९०. गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा मानवीय विकासको दीर्घकालीन सोच सहितको पञ्चवर्षिय आवधिक योजना तयारगरिनेछ ।

९१. वित्तीय अनुशासन कायम गर्न चालु आर्थिक वर्षमा तेश्रो पक्ष सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईनेछ ।

९२. आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शून्य बेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ।

९३. सामाजिक सुरक्षा भत्तालाई बैंक संगको समन्वयमा घुम्ती शिविरद्धारा वितरण गर्ने कार्यको थालनी गरिनेछ।

९४. नागरिकता नलिएका व्यक्तिहरुलाई नागरिकता उपलब्ध गराउन गाउँपालिकामा "नागरिकता शिविर" संचालन गरिनेछ ।

## कृषि विकास

९५. **“स्थानिय सरकार कृषकको अभिभावक”**भन्ने नाराका साथ कृषि उपज बस्तुहरुको उत्पादन लागत तथा जोखिम घटाउन यस जोरायल गाउँपालिका भरि रहेका कृषकहरुलाई महिला मैत्री कृषि यान्त्रिकरण उन्नत बिउ बिजनका साथै नविनतम प्रविधी हस्तान्त्रण गरिनेछ । यसका साथै कृषि बिमा प्रिमियममा अनुदानमा सहयोग गराईनेछ ।

९६. कृषि वस्तुको आयात प्रतिस्पादन निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गर्नको लागि एक वडा एक उत्पादन कार्यक्रम संचालन गर्नको लागि **अध्यक्ष कृषि विकास कार्यक्रम**लाई प्राथमिकतामा राखि सञ्चालनमा ल्याईनेछ ।

९७. जोरायली बासमति धान, आलु, केरा, सुन्तला जात फलफूल, तरकारी, मसलाबालीमा आत्मनिर्भर हुन सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ ।

९८. कृषि उपज बस्तुहरु बजारिकरण गर्नका लागि संकलन केन्द्रहरुको सुदृढिकरण गरिनेछ ।

९९. **“आजको लगानी फलफूलको बोट भविष्यको प्रतिफल नोट”**प्रवर्द्धनको माध्यमबाट वर्षे तथा हिउदे फलफूल बगैचा स्थापना र फलफूल विरुवाहरु रोपण अभियान संचालन गरिनेछ । प्रमुख राजमार्ग र सहायक कृषि सडक आसपासका क्षेत्रहरुमा व्यवसायिक खाद्यान्न वाली फलफूल खेतीका साथै उच्च मूल्यका कृषि उपज बस्तुहरुको खेती गर्न प्रोत्साहन गरिनेछ ।

१००. **“आफूलाई चाहिने बिउ आफै उत्पादन गरौं”**भन्ने नाराका साथ खाद्यान्न वालीहरुमा आत्मनिर्भर हुनको लागि धान, मकै, गहुँ, कोदो, जौं, प्रमुख खाद्यान्न बाली एवं दलहन र तरकारी बालीको विउ विजन उत्पादन प्रशोद्धन र बजारिकरण गरिनेछ ।

१०१. **“मेरो उत्पादन जोरायलको पहिचान”** भन्ने मूल नाराका साथ यस जोरायल गाउँपालिकामा उत्पादित प्रमुख कृषि उपज वस्तुहरुको मूल्य श्रृङखलामा बिकास गर्दै सूदुरपश्चिमका ७ वटै जिल्लाहरुमा जोरायलको ब्राण्ड सहित बजारिकरणलाई प्रवर्द्धन गर्न संकलन केन्द्र सुदृढिकरण कोल्ड च्याम्वर निर्माण कार्यक्रमलाई यस पालिकामा रहेका सहकारी र बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्यमा संचालन गरिनेछ ।

१०२. **“किसान हुनुमा हामीलाई गर्व छ”** भन्ने नाराका साथ रैथाने खाद्यान्न वाली तेलहन बाली र दलहन बालीको आयात प्रतिस्पादन गर्न वृहत रुपमा व्यवसीयक रुपमा खेती तर्फ उन्मुख गर्नुका साथै यस जोरायल गाउँपालिका भरि रहेका एकल महिला, मुक्त हलिया, दलित, अपांगता भएका ब्यक्तिहरुलाई लक्षित गरि कृषि कार्यक्रम मार्फत निरन्तरता दिई चाक्लाबन्दीमा खेति उत्पादन र बजारिकरणमा जोड दिईनेछ ।

१०३. बगरखेती उत्पादनमा लगानी लगाइने छ । साथै विपन्न वर्गका समुदायलाई सामुहिक खेती प्रणालीमा जोड दिइनेछ ।

## पशु सेवा

१०४. जोरायल गाँउपालिका क्षेत्रमा अधिक सम्भावना रहेको ब्यबसायिक बाख्रापालन लाई प्रवर्द्धन गरि बाहिर जिल्लामा खसि बोका तथा बाख्रानिर्यात गर्ने लक्ष्य राखी बाख्रापालन मा अनुदानकार्यक्रम संचालन गरिनेछ।

१०५. बोयर बाख्रापालन गरि हाल जोरायल गाँउपालिका सुदूरपश्चिम प्रदेशको नै श्रोत केन्द्रको रुपमा रहेको अवस्थामा जोरायल गाँउपालिका वडा नं. १ र २ मा रहेका बोयर बाख्रा श्रोत केन्द्रलाई ब्यबस्थित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ र थप श्रोत केन्द्र स्थापनाका लागि कार्यक्रम तर्जुमा गरिनेछ ।

१०६. हाल वजारमा भईरहेको मासुको माग र आयात लाई ध्यानमा राखी जोरायल गाउँपालिकामा संचालित बिभिन्न कुखुरापालन फार्मलाई ब्यबस्थित गर्न कुखुरापालनमा अनुदान कार्यक्रम संचालन गरिने छ र मासु र अण्डा उत्पादन हुने (डियोलपरपोज) जातका कुखुरापालन लाई पनि संगसंगै विकास गरि बढ्दो अंण्डाको आपुर्तिलाई घटाउन डियोलपरपोज जातका वितरण र स्थानिय जातका कुखुरापालन अनुदान तथा अन्य कार्यक्रम संचालन गरिनेछ साथै वंगुरपालनमा पनि अनुदान प्रदान गरिनेछ ।

१०७. उत्पादित पशुजन्य पदार्थको वजारिकरणका लागी मासु पसल सुधार, डेरी पसल सुधार तथा स्थापना गर्न आवश्यक सामाग्री सहयोग तथा मासु पसल, डेरी पसल सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१०८. वजारमा हाल बढिरहेको दुध तथा दुग्धजन्य पदार्थको वढ्दो मागलाई ध्यानमा राखी दुध उत्पादन बढाई दुधमा आत्मनिर्भर हुन भैंसीपालन फार्महरुलाई गोठ सुधार अनुदान वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ।

१०९. प्राकृतिक गर्भाधानका माध्यमबाट स्थानिय पशुहरुको नश्ल सुधार गरि दुग्ध उत्पादन बढाउन प्रजननयोग्य उन्नत बोका, राँगा वितरण कार्यक्रम संचालन गरिनेछ ।

११०. निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्ता भएका व्यक्तिलाई सजिलै आम्दानी गरि जिवन गुजारा चलाउने उपायको रुपमा बाख्रा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

१११. किसानलाई जुनोटिक रोग सम्बन्धि जनचेतना जगाउन प्रत्येक वडामा जुनोटिक रोग सम्वन्धी जनचेतनामूलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

११२. कृषक लाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न गाउँपालिकाबाट टाढा रहेका वडाहरुमा पशु स्वास्थ्य शिविर,आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण शिविर संचालन गरिनेछ ।

११३. पशुपन्क्षीमा लाग्ने बिभिन्न महामारी जन्य रोगबाट किसान लाई हुन सक्ने आर्थिक नोक्सानीलाई मध्यनजर गरि बिभिन्न महामारी जन्य रोगको खोप सेवा तथा पशु उपचार सेवा संचालन गरिनेछ ।

११४. पशु आहारामा उत्पादन योग्य पोषिला घाँसका विउबितरण, घाँसको श्रोतकेन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ ।

११५. बैदेशिक रोजगार बाट फर्केका र बेरोजगार युवाहरुलाई पशुपालनमा आकर्षित गरि स्वरोगार सृजना गर्न युवा स्वरोजगारका लागि पशुपालन सम्बन्धि अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

११६. पशु सेवा शाखामा कार्यरत प्राविधिक जनशक्ति र किसानको क्षमता अभिबृद्धि गर्न प्रदेश स्तरमा संचालनहुने विभिन्न पशुपालन सम्बन्धि तालिममा सहभागी गराउने कार्यक्रम संचालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

११७. सुरक्षित खानेपानी सेवाको सुनिश्चित गर्न खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको प्राथमिकतामा रहेका खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागू गरी "एक घर एक धारा" को अवधारणा अनुसार सुरक्षित खानेपानी युक्त समुदाय विकास तथा घोषणा गर्ने साथै समुदायहरुलाई पूर्ण सरसफाईमा नमूनाका रुपमा पनि विकास गरिनेछ ।

११८. विद्यालयहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चित गरी तीनतारे विद्यालयहरुको विकास र घोषणा गरिनेछ ।

११९. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्याङ्कहरुको नियमित अध्याबधिक तथा व्यवस्थापन गर्ने साथै खानेपानी, सरसफाई तथा स्वच्छता सेवा नपुगेका बस्तीहरुको पहिचान गरी प्राथमिकताका आधारमा सेवा सुनिश्चित गरिनेछ ।

१२०. गाउँपालिकाको WASH Plan तयार भइसकेको छ, सोही अनुसार खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु गर्दै लैजाइनेछ ।

१२१. निरन्तर रुपमा गाउँपालिकाका सम्पूर्ण टोल बस्तीहरुको पानी परीक्षण गरि सुरक्षित खानेपानी युक्त समुदाय निर्माण कार्यक्रम अगाडी बढाउँदै लैजाने र गाउँपालिका लाईनै सुरक्षित खानेपानी युक्त पालिका घोषणा गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

१२२. विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा WASH कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२३. सार्वजनिक स्थानहरुमा Hand Wash Station तथा सार्वजनिक शौचालय स्थापना गरिनेछ ।

१२४. खानेपानी योजना लागू भएको प्रत्येक घरधुरीहरुमा च्याङ जुठ्यान तथा घरबारी व्यवस्थापन सम्बन्धी कार्यक्रम अनिवार्य लागू गरिनेछ ।

१२५. "एक घर एक करेशाबारी" को अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

१२६. वडा सदरमुकाम तथा सार्वजनिक स्थलको बजार सरसफाई गर्ने नीति लिईनेछ ।

१२७. बजार सरसफाई कार्यक्रम अन्तर्गत प्रत्येक वडाहरुमा डम्पिङ तथा ल्यान्डफिल साइडको नीति लिईनेछ ।

## कानून तथा मानव अधिकार

१२८. गरिव असहाय तथा पछाडि पारीएका व्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईने छ ।

१२९. न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउनेनीति अवलम्बन गरिनेछ।

१३०. सामुदायिक मेलमिलाप केन्द्रलाई व्यबस्थित बनाउँदै सबै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी विवाद निरुपण कार्यलाई थप प्रभाबकारी बनाइनेछ।

१३१. विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप शिविर सञ्चालन गरिनेछ ।

१३२. स्थानीय न्याय सम्पादन प्रकृयामा सूचना प्रविधिको प्रयोग गरी छिटो छरितोर थप व्यवस्थित गरी यस कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

१३३. सामुदायिक मेलमिलापकर्ताहरुलाई प्रोत्साहनको व्यबस्था मिलाईनेछ ।

१३४. न्यायीक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ कार्यान्वयन गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।

१३५. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ ।

१३६. मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१३७. गाउँपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

१३८. संबिधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**अध्यक्ष महोदय,**

१३९. वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस गाउँपालिकाको सामाजिक आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

१४०. प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्नमा मार्ग निर्देशन गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, जोरायल गाउँपालिका तथा गाउँसभा सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधी ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नीजि क्षेत्रका संघ संगठनहरु, नागरिक समाज तथा सामुदायिक संस्था, सामाजिक संगठनहरु, पत्रकार र विदेशमा रहनु भएका जोरायल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१४१. अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउनु हुने आम नागरिक, विकास साझेदार र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

१४२. जोरायल गाउँपालिकाका समस्या धेरै छन् र यिनको समाधान हामी सबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ । त्यसैले आउनुहोस सबै एकजुट होऔं र जोरायलको मुहार फेर्ने अभियानमा सहभागी बनौं । म **जुट्छु जोरायलको मुहार फेर्छु** भन्ने भावनाबाट अगाडी बढौं ।

**धन्यवाद !**